# भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २५ मितिः २०७४/१२/१८

**भाग-२**

**भूमे गाउँपालिका**

## भूमे गाउँपालिकाको आधिकारिक ड्रेस कोड

प्रस्तावनाः नेपालको संविधानको धारा ५६ बमोजिम स्थानीय सरकारको रुपमा स्थापित भूमे गाउँपालिकाको आफ्नो मौलिक पोशाकबाटै परिचय झल्काउन तथा सार्वजनिक प्रतिनिधित्व गरी विभिन्न गोष्ठी, सेमिनार, बैठक तथा औपचारिक कार्यक्रमहरुमा गाउँपालिकाका आधिकारिक प्रतिनिधिहरु सहभागी हुँदा स्थानीय उत्पादन, परम्परागत भेषभूषाको प्रवर्द्धनका साथै मौलिकता प्रस्तुत गर्नु उपयुक्त हुने भएकोले,

भूमे गाउँ कार्यपालिकाको मिति २०७४ माघ १४ मा बसेको बैठकबाट यो ड्रेस कोड स्वीकृत गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कोडको नाम "भूमे गाउँपालिकाको आधिकारिक ड्रेस कोड" रहेको छ ।

(२) यो कोड तुरुन्त लागू हुने छ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अन्य अर्थ नलागेमा यस कोडमाः

(क) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिकालाई जनाउनेछ ।

(ख) "पदाधिकारी" भन्नाले स्थानीय तहको निर्वाचनद्वारा निर्वाचित भूमे गाउँपालिकाका सबै जनप्रतिनिधि र कर्मचारीहरुलाई समेत जनाउनेछ ।

(ग) "

**भाग २**

**पदाधिकारीहरुको ड्रेस कोड**

**३. नियमित ड्रेस कोडः** (१) भूमे गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँसभा, गाउ कार्यपालिकाको बैठक, विभिन्न समितिको बैठक तथा औपचारिक कार्यक्रममा सहभागी हुँदा देहाय बमोजिमको पोशाक लगाउनुपर्नेछ ।

(क) पुरुष जनप्रतिनिधिहरुका लागि

| ग्रीष्मकालीन पोशाक | शीतकालीन पोशाक | कैफियत |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| अल्लोको सेतो रङको कोट | अल्लोको सेतो रङको कोट | जाडोमा कालो ज्याकेट |
| टेरिकटनको खैरो पाइन्ट | टेरिउलन पाइन्ट | |
| टेरिकटनको आकाशे रङको कमिज | टेरिकटन कमिज | |
| कालो रङको जुत्ता र मोजा | कालो जुत्ता मोजा | |
| टाइ लगाएमा रातो | मोजा | |
| ढाका वा भादगाउँले टोपी | बुनेको नीलो स्वीटर | |

(ख) महिला जनप्रतिनिधिहरुका लागि

छितको गुन्यु मखमलको रातो चौबन्दी चोली पहेंलो धरा हरियो पोते मुगाको माला

| **शीतकालीन पोशाक** | **ग्रीष्मकालीन पोशाक** |
|---|---|
| अल्लोको कोट | अल्लोको कोट |
| साडी | साडी/गुन्यु |
| ब्लाउज | चोली/चोली |
| जुत्ता | जुत्ता मोजा |
| मोजा | पहेंलो धरो (गुन्यु लगाएमा) |
| परिचय झल्काउने गहना आवश्यकतानुसार | स्वीटर |
| | घलेक |
| | परिचय झल्काउने गहना आवश्यकतानुसार |

## ४. स्थानीय पर्व/विशेष अवसर ड्रेस कोडः

(क) पुरुषहरुका लागि

| **ग्रीष्मकालीन ड्रेस** | **कैफियत** |
|---|---|
| कालो मखमलको वेष्ट कोट | |
| बाह्र हाते पटुकी | |
| कम्मरमा खुकुरी | स्वेच्छिक |

| | |
|---|---|
| गादा (छड्के) | |
| सेतो स्पोर्ट जुत्ता | स्थानीय अल्लोको जुत्ता उत्पादन भएमा स्थानीय प्रयोग गर्नुपर्ने |
| कालो भादगाउँले टोपी | |

(ख) महिला जनप्रतिनिधिहरुका लागि

| **शीतकालीन** | **ग्रीष्मकालीन** |
|---|---|
| छितको गुन्यु | |
| मखमलको रातो चौबन्दी चोलो | |
| पहेंलो धरा | |
| मखमलको घलेक | |
| कालो कपडाको जुत्ता र मोजा | |
| पोते | |
| मुगाको माला | |
| फुली, नौगेडी, बुलाँकी, झुम्की | |

## भाग ३
## कर्मचारीहरुको ड्रेस कोड

**५. कार्यालय समयको ड्रेस कोडः** (१) भूमे गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले देहाय बमोजिमको ड्रेस कोड अनिवार्य रुपमा पालना गर्नुपर्नेछः

(क) **निजामती कर्मचारीः** निजामती कर्मचारीहरुले नेपाल सरकारले निर्धारण गरेको देहाय बमोजिमको ड्रेस कोड कार्यालय समयमा अनिवार्य पालना गर्नुपर्नेछ । निजामती बाहेकका अन्य कर्मचारीहरुले समेत नेपाल सरकारले निर्धारण गरेको ड्रेस कोड नै पालना गर्नुपर्नेछ ।

| **पुरुष कर्मचारी** | | **महिला कर्मचारी** | |
|---|---|---|---|
| **शीतकालीन पोशाक** | **ग्रीष्मकालीन पोशाक** | **शीतकालीन पोशाक** | **ग्रीष्मकालीन पोशाक** |
| नेपाली पोशाक (दौरा सुरुवाल, कोट, नेपाली टोपी, कालो जुत्ता) | | आकाशे नीलो रङको साडी, कलेजी रङको ब्लाउज/चोली वा आकाशे नीलो रङको कुर्त्ता | |

| | | | |
|---|---|---|---|
| | | सुरुवाल | |
| वा | | वा | |
| गाढा नीलो ज्याकेट | गाढा नीलो ज्याकेट | गाढा नीलो ज्याकेट/कोट | गाढा नीलो कोट |
| सेतो कमिज | सेतो कमिज | सेतो कमिज | सेतो कमिज |
| गाढा नीलो पाइन्ट | गाढा नीलो पाइन्ट | गाढा नीलो पाइन्ट | गाढा नीलो पाइन्ट |
| कालो जुत्ता/स्पोर्ट सुज | कालो जुत्ता | कालो जुत्ता/स्याण्डल | कालो जुत्ता/स्याण्डल |
| नीलो मोजा | नीलो मोजा | नीलो मोजा | नीलो मोजा |
| ढाका/भादगाउँले टोपी | ढाका/भादगाउँले टोपी | | |
| टाई | टाई | | |

(ख) **शिक्षकः** शिक्षण संस्था तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुले नेपाल सरकारले निर्धारण गरेको ड्रेस कोड कार्यालय समयमा अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(ग) **स्वास्थ्यकर्मीः** सार्वजनिक स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै कर्मचारीहरुले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आफ्नो ओहदा अनुसारको ड्रेस कोड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(घ) **स्वयंसेवकः** भूमे स्वयंसेवा कार्यक्रममा आवद्ध सबै प्रकारका स्वयंसेवकहरुले आफ्नो कार्य क्षेत्र प्रकृति अनुरूप स्वयंसेवा कार्यक्रम निर्देशिकामा निर्दिष्ट गरिए बमोजिमको पोशाक अनिवार्य रुपमा लगाउनुपर्नेछ ।

६. **सार्वजनिक समारोह, विशेष कार्यक्रममा ड्रेस कोड अनिवार्यः** (१) गाउँपालिकाभित्र, अन्यत्र स्थानीय तह, नेपाल सरकार र विदेशस्थित औपचारिक कार्यक्रमहरुमा गाउँपालिकाको आधिकारिक प्रतिनिधिले अनिवार्य रुपमा भूमे गाउँपालिकाको ड्रेस कोड अथवा नेपालको राष्ट्रिय पोशाक सम्बन्धी कोड पालना गर्नुपर्नेछ ।

(२) कुनै पनि कार्यक्रम वा सभा समारोहमा भूमे गाउँपालिकाबासीहरुले गाउँपालिकाको ड्रेस कोड बमोजिमको पोशाक प्रयोग र प्रवर्द्धन गर्न बाधा पर्नेछैन ।

७. **ड्रेस कोड पालना गर्नुपर्नेः** (१) यो ड्रेस कोड लागू भएपछि गाउँपालिकाका सबै पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(२) यो ड्रेस कोड भूमे गाउँपालिकाभित्रका अन्य संघ संस्थाले समेत प्रयोग गर्न बाधा परेको मानिने छैन ।

८. **लपेला पिन, लोगो र परिचयपत्र लगाउनुपर्नेः** (१) गाउँपालिकाका सबै जनप्रतिनिधि र कर्मचारीहरुले अनिवार्य रुपमा तोकिएको ढाँचाको लपेला पिन र परिचयपत्र लगाउनुपर्नेछ ।

(२) जनप्रतिनिधिहरुले लोगो कोटको दायाँपट्टिको छातिमाथि र परिचयपत्र बाँया छाति (मुटु माथि

पर्नेगरी) माथि टाँस्नुपर्नेछ ।

(३) लपेला पिन कोटको बाँया पट्टिको माथिल्लो कलरमा लगाउनुपर्नेछ ।

९. **ड्रेस कोड बमोजिम मानिने:** (१) नेपाल सरकारद्वारा निर्धारण गरिएको राष्ट्रिय पोशाक, प्रदेश सरकारले तोकेका ड्रेस कोड पालना गर्दा यस ड्रेस कोड प्रतिकूल भएको मानिने छैन ।

१०. **ड्रेस कोडमा संशोधन:** (१) यो ड्रेस कोडलाई सम्बन्धित क्षेत्रको सल्लाह, सुझाव र सिफारिश बमोजिम वा भूमे गाउँ कार्यपालिकालाई उचित लागेको बखत ड्रेस कोडमा आवश्यक संशोधन वा परिमार्जन गर्न सकिनेछ ।

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**